# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३७) काठमाडौं, असार १९ गते २०४४ साल (पूर्वातिरिक्ताङ्क १४ (घ)

## भाग ३

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको
### सूचना १

श्री ५ को सरकारले सैनिक ऐन, २०१६ लागू हुने व्यक्ति बाहेक भू.पू. प्रहरी महानिरीक्षक दिलबहादुर लामा, रा.प.स. भीमप्रसाद गौचन, प्र.नि. रामबहादुर खत्री र अन्य व्यक्तिहरू समेत सम्बन्धित भएको विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ अन्तर्गत सजाय हुने कसूर सम्बन्धी मुद्दाको सम्बन्धमा विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ को दफा ११ को उपदफा (३), दफा १८ र दफा २० को प्रयोजनको निमित्त मध्यक्षेत्र प्रहरी कार्यालयका प्रहरी नायव महानिरीक्षक श्री रणबहादुर चन्दलाई अधिकार प्राप्त अधिकारी तोकेको छ ।

खण्ड ३६, मिति २०४३।२।२, अतिरिक्ताङ्क ८ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना अनुसार तोकिएको अधिकारीलाई भएको अधिकार उपरोक्त मुद्दाका सम्बन्धमा बाहेक अन्य मुद्दाको हकमा यथावत कायम राखिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

903